उत्पीडन फ्याँक्ने पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षाशैली

डा. विद्यानाथ कोइराला

उत्पीडनको निरन्तरता कसरी हुन्छ ?

पुर्खाले सांसारिक मायाजालबाट मुक्ति खोजे। जन्मनै नपर्ने मुक्ति। मर्नै नपर्ने मुक्ति। पुर्खौली शब्दमा मोक्ष। तर मोक्ष वा मुक्ति शब्दबाट उनीहरूले त्याग जाने। विकर्षित हुने सीप जाने। संसारसँगको विकर्षण। भगवानसँगको आकर्षण। ईश्वरवादीको यो मुक्ति प्रस्तुत लेखको खोजी होइन। यो त कर्मवादीको मुक्तिको खोज हो। कर्म गर्ने तर कर्मसँग पीडा भोग्न बाध्य हुनुपर्ने 'मौन जमात' को मुक्तिको शैक्षिक खोज। यो खोज नवीन होइन। पहिलेका शिक्षाविद्हरूले "सामाजिक भलाई" को आँखामा यो खोज गरे। समाजलाई भलो हुन्छ भने कोही चुप बस्ने भयो। कुने समूह मौन रहे भयो। उनीहरूले त्यही दृष्टिकोणमा उत्पीडनको मुक्ति खोजे । तर त्यसो गर्दा हुने शक्तिको गतिशीलता (Power dynanism) बुझेनन्। त्यसैले अशक्तले भोगेको पीडा बुझेनन्। शक्तिले गरेको मनपरी बुझेनन्। त्यही अबुझकै स्थितिमा उनीहरूले अर्थ्याई सहने शब्दावली बनाए। 'दुर्घटनेको लात सहनु पर्छ।" यी र यस्तै शब्दावलीले उत्पीडनलाई निरन्तरता दियो। उत्पीडितले सही रहयो। उत्पीडकले उत्पीडन कार्य गर्ने छुट पाइरहयो। अर्थात उत्पीडित नबोल्नाले उत्पीडनको निरन्तरता हुदो रहेछ भन्ने सन्देश दिइरहयो। उत्पीडकले आत्मानुभूति (self reflection) नगर्नाले भूल दोहोरिदो रहेछ भन्ने जानकारी पुगिरहयो। प्रत्याभूति नगर्ने उत्पीडक र मौन बस्ने उत्पीडित दुवै दोषी हुन भन्ने खबर गरिरहयो। दुवैबारिले हातेमालो नगरे उत्पीडनको स्वरूप बदलिन्छ दबाव रोकिन्न भन्ने चिन्तन जगाइरहयो।

पुर्खाले उत्पीडक र उत्पीडनको स्वरूप बदल्न "दया"को चिन्तन ल्याए। यो चिन्तनले उपकार त गरिदियो तर अधिकार दिएन। बाँच्न त दियो तर बराबरीको दर्जा दिएन। शिक्षा त दियो तर समानता दिएन। यसरी पुर्खाको शिक्षाले उत्पीडनबाट मुक्ति पाउने सांसारिक उपाय खोजेन।

उत्पीडन फ्याँक्ने पाठ्यक्रमीय सोच के के हुन ?

हिन्दू पुर्खाले शिक्षाबाट मुक्ति खोजे। बुद्धले पनि त्यही सन्देश दिए। तर उनीहरूको शिक्षाले सांसारिक उत्पीडन फ्याँक्ने। उत्पीडन बढाउने क्रम रोकेन। किन यो क्रम रोकिन्न त ? के छ पाठ्यक्रम बनाउनेहरूको नियन्त्रक शक्ति ? यी प्रश्नहरूको उत्तर खोज्न मैले मुरे प्रिन्ट। सन् १९९३) को विश्लेषण हेरें। उनले भने ६ वटा चिन्तन (Conception) ले पाठ्यक्रम बनेको हुन्छ। त्यसैलाई सुहाउँदो पाठ्य सामग्री बन्छ। शिक्षक तालिम हुन्छ। तिनमा पहिलो चिन्तन हो - बौद्धिक विवेकशीलता (academic rationalist conception) यो चिन्तनले ज्ञान र सीप बुझ्नें र कुरा गर्छ। मूल्य र मान्यता पढाउने काम गर्छ। शिक्षक भनिरहन्छ। विद्यार्थी सुनिरहन्छ। प्रश्नोत्तर भएपनि "सुन्न मन छ" भन्ने खाले नरम प्रश्नहरू हुन्छन्। शिक्षकले सिडी रोमको व्यवहार गर्छ। अर्थात् जो छ त्यही दोहोऱ्याइरहन्छ। विद्यार्थी विषयविद् हुन्छ तर व्यवहार विद् हुदैन। हाम्रो संस्कारको पढाउने ढंग यही हो। त्यसैले हामीसँग प्राणी मात्रमा दया गर्नुपर्छ भन्ने सिकाउँछौं। भगवानका लागि सबै बराबर हौं भन्ने पाठ घोकाउछौं। विद्यार्थीले जवाफ पनि लेखिदिन्छन्। तर न विद्यार्थीले किन दलितलाई बराबर नठानिएको त ? भनी प्रश्न गर्छ। न शिक्षकले त्यस्ता प्रश्नहरूको उत्तर नै दिन्छ। यस्तो बौद्धिक विवेकहीनताको पाठ्यक्रमले विद्यार्थीलाई पनि सीढी रोम नै बनाउँछ। यस स्थितिमा के दलितलाई बराबरीको दर्जा दिने पाठ्यक्रम बन्छ त ? उत्तर सोझो छ। बन्दैन। बरू किन बराबर गर्नु पर्छ भनी कारण खोज्ने विद्यार्थी बन्न सक्छ। तर बराबरीको व्यवहार गर्ने व्यक्ति संभावना धेरै कम हुन्छ। हामीले अहिले सिकेको कुरो यही हो।

पाठ्यक्रम बनाउँने दोस्रो चिन्तन हो - संज्ञानात्मक प्रक्रियाको चिन्तन (Cognitive Processes conception)। यो चिन्तनको मान्यता बेग्लै छ। यसले विद्यार्थीलाई पढाउँने कुरो गर्दैन। उसको सिक्ने क्षमता विकसित गरिदिनु पर्छ भन्ने मान्यता राख्छ। त्यसैले विद्यार्थीको सिक्ने सीपको विकास गर्नु यो खाले पाठ्यक्रमको लक्ष हो। तर प्रश्न आउँछ के हाम्रा विद्यार्थी यस प्रति जागरूक छन् ? के हाम्रा अभिभावकहरू यो कुरा चाहन्छन् ? के हाम्रा शिक्षकहरूले कसरी दलितले "अछुत" बन्न सिक्छन्। भन्ने प्रश्नको उत्तर खोज्छन ? किन हामीले दलितलाई हेर्यौं त ? भनेर प्रत्याभूति गर्न सक्छन् ? के समुदायमा गएर त्यसता खाले प्रश्नहरूको उत्तर खोज्छन् ? व्यवहारले भन्छ -गर्दैनन्। प्राथमिक तहको सम्पूर्ण पाठ्यक्रम र माध्यमिक तहको कक्षा ९ र १० सामाजिक शिक्षाको पाठ्यक्रम यही संज्ञानात्मक प्रक्रियाको चिन्तनमा आधारित छ। तर अनुभवले भन्छ -शिक्षकहरू मट्याउँने मन पराउँछन्। विद्यार्थीहरू सुन्न नै मन पराउँछन्। यसरी सुन्ने सुनाउने संस्कारमा गर्ने गराउँने पाठ्यक्रम उपयोगी हुन्छ त ? अनुभवले बताउँछ हुदैन। त्यसैले प्राथमिक कक्षाका केटाकेटीले किन कुने जाति जन्मले नै अछुत मानिन्छ ? किन गरिबमै जन्मन्छ ? किन गरिबीमै मर्छ ? किन कोही ठूलो जात मानिन्छ ? किन कोही सानो जात गनिन्छ ? यी र यस्ता प्रश्न विद्यार्थी र शिक्षकले गरेकै हुदैन। पाठ्यक्रमले प्रश्न गर्न प्रोत्साहित गरेपनि शिक्षक अझै उत्तर दिन औंताई रहेको हुन्छ। यो स्थितिले भन्छ संज्ञानात्मक प्रक्रियाको चिन्तनमा बनेको पाठ्यक्रमलाई हाम्रो जीवन्त संस्कारले मारीदिन्छ। शिक्षकको बोल्ने संस्कारले घिचिदिन्छ। विद्यार्थीको चुप हुने संस्कारले दबाईदिन्छ। त्यसैले यो चिन्तनमा बनेका पाठ्यक्रम र पाठ्यपुस्तकहरूले पनि अपेक्षित ढंगमा विद्यार्थीलाई समाजमुखी वा दलितमुखी बनाउँन सक्तैनन्।

तेस्रो चिन्तन हो मानवतावादी चिन्तन (humanistic conception) यो चिन्तनले बौद्धिक विवेकशीलताको चिन्तनबाट विषयवस्तु लिन्छ। संज्ञानात्मक प्रक्रियाको चिन्तनबाट सिक्ने क्षमता र सिक्नुपर्ने सीपहरू लिन्छ। मानवतावादी सोचबाट एकीकृत हुने अवधारणा लिन्छ। सन् १९६० र १९७० का दशकमा उठ्जेको आलोचना वादी (critical thinking) चिन्तनको विश्लेषणात्मक आधार लिन्छ। विद्यार्थीलाई आदर्शमुखी हैन व्यवहारमुखी बन्ने सोच दिन्छ। यसरी विद्यार्थी औसतमा हेरिदैन। व्यक्तिमा हेरिन्छ। संज्ञानतामा हेरिन्छ। तर हाम्रो शिक्षण प्रविधिले के भन्छ त ? हाम्रा प्रविधिले भन्छ - हामीले मानवतावादी चिन्तनको पाठ्यक्रम बनाउन सकेको छैनौं। बनेको पाठ्यक्रमलाई पनि मानवतावादी ढंगबाट प्रश्न गर्न दिएका छैनौं। त्यसैले हाम्रा विद्यार्थीसे "दमाईले लुगा सिउँछ" भनेर पढिरहेकाछन्। तर अहिले बाहुन वा अन्य समुदायका मान्छेले पनि लुगा सिउन थालेका छन् भनेर पढाइएको छैन। हाम्रा केटाकेटीहरूले हुमहुमाराईको गीत पाठ्यपुस्तकबाटै घोकिइरहेका छन्। किनकि दलित केटाकेटीले यो प्रश्न शिक्षकसँग सोधेको छैन। शिक्षकले यसो पनि प्रश्न हुन्छ भन्ने कुरा बुझेकै छैन। तालिम दिंदाले यस्ता विषयमा पनि प्रश्न उठाउनु पर्छ भनी अभिमुखीकरण गरेको छैन।

परिणामतः दलित बस्तीकै शिक्षक र दलित शिक्षकले पनि यी कुराहरूको स्थानीय उत्तर खोजेकै छैन।

पाठ्यक्रम निर्माणको चौथो चिन्तन हो - सामाजिक पुनर्निर्माणको चिन्तन (Social reconstructionist conception) यो चिन्तनले भन्छ - पाठ्यक्रमले समाज परिवर्तन गर्ने अपेक्षा राखेको हुन्छ। यस्ता परिवर्तनहरू तीन तहमा गर्न सकिन्छ। (क) सामाजिक समायोजना (social apeptation) गरेर। (ख) सामाजिक पुनर्निर्माण (social reconitructionism) गरेर र (ग) भविष्यद्रष्टा (Futurist) बनेर। यी तीनै अवस्थामा पाठ्यक्रमले समाजका सबल पक्षमात्र सिकाउँछ। दुर्बल पक्षहरू पनि सिकाउँछ। आफ्नो र समाजको समाजलाई एकसाथ जोड्न सिकाउँछ। अर्थात स्थूल र सुक्ष्म (macromicro) सम्बन्ध बोध गराउँछ। यसका लागी पाठ्यक्रममा भ्रष्टाचारका कुरा राखिन्छन्। असन्तोषका कुरा सुनाइन्छन् र सदाचार एवं सन्तुष्टि लिने उपायहरू सिकाइन्छन्। हाम्रो सन्दर्भमा यस्ता कुरा सिकाइन्छ त ? उत्तर स्पष्ट छ - सिकाइन्नन्। के हाम्रा स्कूलमा जातीय तनाव किन हुन्छ भन्ने कुरा पढाइन्छ त ? भाषिक तनाव किन जन्मन्छ त भन्ने कुरा सिकाइन्छ त ? अनुभवले भन्छ - सिकाइदैन। त्यसैले हाम्रा विद्यार्थीले न तनावको स्रोत बुझ्छन् न त तनाव कम गर्ने उपायहरू गर्न जान्दछन्। परिणामतः हाम्रा शिक्षक एवं विद्यार्थीहरूले आफूलाई अरूको साँचोमा हालेर हेर्न सक्तैनन्। मैले अरू उपर के अन्याय गरें त ? भनी प्रत्याभूति गर्दैनन्। त्यसैले दलित वा महिला संवेदनशीलता हाम्रो पाठ्यक्रमबाट जन्मेन। भाषिक संवेदनशीलता आएन। जे आयो त्यो सतही नै बनेर आयो। जे गर्ज्यो परम्परा धामेरै गर्ज्यो।

पाँचौ चिन्तन हो - प्राविधिक चिन्तन। Technological conception) पाठ्यक्रमको यो चिन्तनले प्रविधि, सूचना र व्यक्तिबीच नाता गाँसेको हुन्छ। अर्थात को के सिक्न खोज्छ ? कसरी सिक्न सक्छ ? र किन सिक्न खोज्छ ? भनेर ध्यान दिएको हुन्छ। तर प्रश्न उठ्छ के हामीसँग यस्तो व्यवस्था छ ? अनुभवले भन्छ - छैन। किनकी हाम्रा कुनै शिक्षक वा विद्यार्थीले किन छुवाछुत जन्मियो ? छुवाछुत नबारे के हुन्छ ? छुवाछुत गैर कानूनी हो भन्दा भन्दै पनि किन यो बाँचिरहन्छ त ? कस्ले बचाइरहेछ त ? भन्ने प्रश्नहरू कहि कतै सोधेका छैनन्। सोधे भने पनि उत्तर पाएका छैनन्। खोजकर्तालाई उत्तर दिने प्राविधिक संयन्त्र देखेका पनि छैनन्। यस अर्थमा हाम्रो पाठ्यक्रमले प्राविधिक चिन्तनको आधार बोकेको छैन।

पाठ्यक्रमको छैठौं चिन्तन हो - विस्तारित चिन्तन (Electic Conception) यो चिन्तनले भन्छ- पाठ्यक्रम निर्माताहरू कुनै एउटा चिन्तनमा बाँधिएका हुदैनन्। तिनीहरू पाठ्यक्रममा एउटा खाका बोक्छन्। पाठ्यपुस्तकमा अर्कैको खाका लिन्छन्। यसरी दुई वा दुइ भन्दा भिन्न खाकामा ओहोर दोहोर गर्दा सम सामयिक मुद्दामा बहस गर्न सकिन्छ त ? किन हाम्रा पुर्खाले दलित बनाए ? किन दलित बनिरहने र बनाइरहने ग्रन्थहरू रचना गरे ? किन ती ग्रन्थहरू विरुद्ध कक्षा कोठामा छलफल गरेनन् ? छलफल गर्न चाहनेलाई किन अगाडि ल्याएनन् ? यो प्रश्नहरूले भन्छ- हाम्रा पाठ्यक्रमहरू एउटै धारमा गएनन् ? समाज उधार्ने धार बन्ने सकेनन्।

माथिको छलफलले पाठ्यक्रमीय सोचमा अनेकन प्रश्नहरू उब्जायो। पहिलो प्रश्न हो के अपेक्षित/योजनाबद्ध (intended planned) पाठ्यक्रम मात्रै पाठ्यक्रम हो त ? हाम्रो सामाजिक संरचनाले भन्यो "होइन"। त्यहाँ त लुप्त पाठ्यक्रम (hidden or overt) रहेछ। त्यो लुप्त पाठ्यक्रम संरचनाले दिंदो रहेछ। शिक्षकको मानसिकतालेदिंदो रहेछ। समाजको मूल्य र मान्यताले दिंदो रहेछ। यसरी हेर्दा अपेक्षित/योजनाबद्ध पाठ्यक्रम त "विचरा" रहेछ। त्यसैले किताबमा "मानिस ठूलो दिलले हुन्छ जातले हुदैन" भनेर पढाउँदो त रहेछ। तर किन दलितलाई तल्लो जात भनेर भन्छौं त ? भन्ने प्रश्नर विद्यार्थी बनाउँदो रहेनछ। किन अरूलाई किन माथिल्लो जात भन्छौं त ? भनेर सलकर्ने शिक्षक बनाउँदो रहेनछ। शिक्षण-सिकाइको संरचनामा पसेपछि अपेक्षित र लुप्त पाठ्यक्रम बीचको नाता पगल्ने अनुसन्धाता बनाउँदो रहेनछ। परिणामतः हामीले पाखण्डी (hypocrats) विद्यार्थी जन्माउँदा रहेछौं। भन्ने एकथरी गर्ने अर्को थरिको विद्यार्थी उत्पादन गर्दा रहेछौं।

अर्को प्रश्न हो-के शिक्षार्थी र शिक्षकलाई पाठ्यक्रमभन्दा बाहिर लानु पर्दैन त ? हाम्रो पठन-पाठन प्रक्रियाले भनिदियो "पर्दैन"। हाम्रो जाँच्ने परम्पराले अझ जोड दियो। "केही काम छैन"। परिणामतः हाम्रो शिक्षण र परिक्षण शैलीले स्पष्टयाइ दियो- हामीलाई कक्षा कोठामा प्रश्नोत्तर चाहिदैन। क्षमता परीक्षण गर्न प्रश्नोत्तर चाहिँदैन। केवल "ज्ञान-पोथी" घोकिदिए पुग्छ। यो स्थितिमा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण शैलीले उत्पीडन फ्याँक्न सक्छ त ? अहिलेको शिक्षकको चलनले भनिदियो "सक्तैन"।

पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण शैलीबाट उत्पीडन फ्याँकिन्छ त ?

के त्यसो भए पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण शैलीबाट उत्पीडन फ्याँक्ने सोच लिन सकिन्न त ? मुरेको विश्लेषणले भन्छ। सक्न त सक्छ तर त्यसका लागि तीनवटा बाटोहरू छन्। पहिलो बाटो हो विवेक र अनुभवको मिलान (rational-empirical) गर्ने। यसका लागि विवेकशील व्यक्तित्वसँग अनुभवी व्यक्तित्वले छलफल गर्नुपर्छ। यो परिवर्तनले कस्लाई के नाफा हुन्छ ? के घाटा पर्छ ? भनी विश्लेषण गर्नु पर्छ। विश्लेषण खाकाको आधारमा शिक्षक तयारी गर्नुपर्छ। विषयवस्तुलाई अनुभवसँग जोडन लालायित हुने शिक्षक। पढेको कुरालाई व्यवहारमा हेर्न खोज्ने शिक्षक। यसो भयो भने अहिलेकै पाठ्यक्रममा पनि उत्पीडनका स्वरहरू खोज्न सकिन्छ। ती स्वरहरू उराल्न सकिन्छ। तिनले चाहेको परिवर्तन गर्न सकिन्छ। तर यो प्रक्रिया ढिलो हुन्छ। महंगो पनि हुन्छ।

उत्पीडन फ्याक्ने दोस्रो बाटो के छ त ?

मुरेको चिन्तनले भन्छ - मनोवृत्ति बदलौं। मूल्य र मान्यता बदलौं। संचारको स्वरूप बदलौं। संयुक्त योजना बनाउँने उपक्रम गरौं। संयुक्त कार्यगर्ने प्रयास गरौं। यो बाटोलाई उनले आधारयुक्त पुनर्शिक्षा (normatiorere- educate) भनेका छन्। यही बाटोको आधारमा उनी भन्छन् लैंगिक समता भने जस्तो जातीय समता भन्ने नारालाई राष्ट्रिय बनाऔं। अन्तर्राष्ट्रिय बनाऔं। यसोगर्दा लैंगिक समानताको खोजी (gender auditing) गरे झैं जातीय समानता खोजी (caste auditing) को थालनी हुन्छ। यो थालनीले पाठ्यक्रम निर्माता तात्छन्। पाठ्यक्रम सुधारक तात्छन् पाठ्यपुस्तक, निर्माणकर्ता र प्रशिक्षकहरू तात्छन्। यही ततैयाबार उत्पीडन फ्याँक्ने कुराहरू जन्मन्छन्। तर यो बाटो पनि पहिलेकै बाटो जस्तो कठिन छ। महंगो छ। ढिलोढालो छ। तर असंभव भने छैन।

पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण शैलीबाट उत्पीडन फ्याँक्ने तेस्रो बाटो हो - शक्तिको जर्वजस्ती -Power-coercire)। जर्वजस्तीले नियन्त्रण खोज्छ। नियन्त्रणले काम त लिटो हुन्छ। सस्तो पनि हुन्छ। तर आन्तरिक विवाद कायमै रहन्छ। उत्पीडनको स्वरूप फेरिन्छ। कही खुकुली देखिन्छ। कही दरिलो हुन्छ। एक अर्कोमा भिरू प्राप्त बन्छ। भिरू शिक्षक बन्छन्। तर त्यही भिरूताभित्र पनि परिवर्तन भने भइरहेकै हुन्छ। कमसेकम सार्वजनिक ठाउँमा दलितहरू विरूद्ध भेदभाव हुन्न। छुवाछुत हुन्न। खान्न र खान्छको लडाई हुन्न। जे हुन्छ, डरले हुन्छ। डरले छोड्दा उत्पीडन पुनः फर्किने आशंका हुन्छ। बानी नपार्ला कि भन्ने पीर हुन्छ। भेदभाव नगर्ने बानी। महसूस गर्ने क्रममा बदलाको भावना पो जाग्छ कि भन्ने डर हुन्छ। यति भएर पनि जोर जर्वजस्तीले एउटा बाटो बनाइरहेको हुन्छ। उत्पीडन फ्याँक्ने लक्षतर्फ हिंडाइरहेको हुन्छ।

गर्ने के त ?

उत्पीडन फ्याँक्ने एउटै सोझो बाटो (Linear way) छैन। किनकी दलित उत्पीडन एउटै कुराले बनेको छैन। दलितबस्ती र उपल्ला भनिनेहरूको बस्ती एकै ठाउँमा राख्दैमा उत्पीडन घट्छ भन्ने छैन। यस मानेमा दूरता र समीपताको सिद्धान्त (Theory of distance and closeness) फेल खान्छ। विचनोलको चिन्तन अभिन्दो बन्छ। त्यस्तै धनी बनाउँदैमा जातीय उत्पीडन घटदैन। यस अर्थमा कार्लमार्क्स फेल खान्छन्। किनकि नेपाली समाज "इज्जत दाम्ने" मानसिकताको समाज (States conscious) हो। सबैको सम्मान इज्जत छ भन्ने कुरा पाठ्यक्रम र पाठ्यपुस्तकमा हुनुपर्छ। शिक्षकको दिमागमा हुनुपर्छ। यसका लागि एन्ड्रयू पोलाई (सन् १९९४) ले भनेझैं शिक्षण -सिकाई प्रक्रियामा सामाजिक निर्माणवादी चिन्तकहरूको बाटो मिसाऔं। अर्थात वौद्धिक विषय पढाउदा उत्पीडनको कथा जोड्दौं। त्यही उत्पीडनको वौद्धिक विश्लेषण गरौं। विद्यार्थीले के सिक्यो त ? के गर्यो त ? भनी खोजीनीति गरौं। किन त्यसो गर्यो त भनी अध्ययन अनुसन्धान गरौं। कान्तास (सन् २०००) ले भनेझैं प्रतियोगी (Competition), मिलित (assimitation) र छुट्टै पहिचान (Separate identity) बनाउने पाठ्यवस्तुहरू खोजौं। पढाउने तरीकाहरू राजौं। पाठ्यक्रमको खाका कोरौं। क्यारोलिन रोफ र हाजेल बीनेस (सन १९९४) ले भनेझैं उत्पीडन विरोधी बन्ने आवश्यकता बुझौं। अधिकार खोज्ने आधार बुझौं। पीटर मोर्टिमोर र साथीहरू (सन १९९४)ले बुझेझैं हामी भिन्न छौं तर असमान छैनौं र हुदैनौं भन्ने कुरा स्वीकारौं। दलित र दलितमुखी भएर शिक्षकलाई ललकारौं। पाठ्यक्रम र पाठ्यपुस्तकलाई ललकारौं। त्यही ललकार बढाएर सामाजिक संरचनालाई चुनौती दिऔं। धार्मिक आडम्बरलाई चुनौती दिऔं। मार्टिन स्कीलवेक (सन १९९४ ले भनेझैं पाठ्यक्रमका कुराबाट अघि बढेर समाजका अन्य आवश्यकताहरूको परिपूर्तिगर्ने उपक्रम गरौं। स्थानीय विषवस्तु राखेर पढाउने पाठ्यक्रमीय संरचना बनाऔं। तुस्थानमै पाठ्यपुस्तक बनाउँने। थरिथरिका पाठ्यसामग्री पढन लगाउँने प्रवन्ध गरौं। डेभिड हारग्रिभ्स (सन् १९९४०) ले भनेझैं सबै पाठ्यक्रममा दलित उत्पीडन विरोधी कुरा आउने व्यवस्था (cross- curriculum) गरौं। आत्म केन्द्रीत (Self- centered) शिक्षण विधि अपनाई दलित विद्यार्थीको जीवन्त कहानी ल्याऔं। समूह- केन्द्रीत शिक्षण विधिको प्रयोग गरी प्रत्येक विद्यार्थीको उत्पीडन हटाउने बाटो पहिल्याऔं। पाठ्यक्रमकै शब्दमा मुक्तिदायी (emanupatany curriculum) बनाऔं। मानवतावादी (liberative/ humanistic) शिक्षक बनाऔं। जीवन्त विषवस्तु (generative themes) पढौं। वा वौद्धिक संरचनाको पाठ्यक्रममा पनि जीवन्त सच्चाइ (lived reality) आवद्ध गर्ने प्रवन्ध गरौं।

दृष्टव्य :- यो लेख Murray print को curriculum development and design र Andrew pollard र Jill Bourne द्वारा सम्पादित Teaching and learning in the Primay school भन्ने किताबमा आधारित भई लेखेको हु।

नववर्ष २०५९ सालले नेपाली जनतालाई जातीय छुवाछूत, अन्याय, अत्याचार र शोषणको विरुद्ध शसक्त आवाज उठाई संघर्षमा जुट्ने प्रेरणा प्रदान गर्न सकोस भन्ने शुभकामना व्यक्त गर्दछौं ।

छठुप्रसाद चौधरी
सभापति
तथा
जिल्ला विकास समिति वारा परिवार